वैठक संख्याः ५०

आज मिति २०७७।०२।०१ गते बिहीवार दिनको २:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | उपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | उपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | श्री महेन्द्र खड्का | अधिकृत सातौं | उपस्थित |
| २ | श्री धनमाया राई | अधिकृत छैटौं | उपस्थित |
| ३ | श्री दिनेश खड्का | स.क.अपरेटर | उपस्थित |

**<u>प्रस्तावहरु</u>**

१. विपद् कोषमा रकमान्तर सम्बन्धमा ।
२. राहत वितरण सम्बन्धमा ।
३. संझौता भएका योजना/कार्यक्रमको म्याद थप सम्बन्धमा ।
४. सर्शत योजनाको म्याद थप सम्बन्धमा ।
५. विविध ।
   क. सिस्टीना कन्स्ट्रक्शन प्रा.लि. को “घ" वर्गको ईजाजत सम्बन्धमा ।

**<u>निर्णयहरु</u>**

**निर्णय नं. १ः** मुलुक कोरोना भाइरसको महामारीको चपेटामा परि बन्दाबन्दीको अवस्थामा रहेकोले विपन्न तथा गरिब परिवारलाई राहत वितरण कार्य भैरहेकोले बेलबारी नगरपालिका विपद् व्यवस्थापन कोषमा बजेट अपुग भएकोले ब.शि.नं. २२१११ तलब पारिश्रमिक शिर्षकबाट रु. ५५,००,०००।०० (अक्षेररुपी पचपन्न लाख) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ः** नोभल कोरोना (कोभिड-१९) रोग रोकथाम तथा नियन्त्रण बेलबारी नगर समन्वय समितिको मिति २०७६।१२।१५, १२।१७, १२।१८, १२।१९, १२।२२, १२।२४, १२।२९ गते र २०७७।१।१०, १।१३, १।१६, १।२१ र १।३१ गते भएको निर्णय बमोजिम राहत वितरण सम्बन्धी भएका सबै निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३ः</u>** चालु आ.व.मा नगरसभाबाट स्वीकृत योजना/कार्यक्रमहरु संझौता भई संचालन भएका वा संचालन हुन बाँकी रहेकोमा मुलुकभर कोरोना भाईरस (कोभिड-१९) को कारण बन्दाबन्दीको अवस्था भई संझौताको म्याद सकिएको कारण योजना/कार्यक्रमहरु संचालन र फछ्यौटमा कठिनाई आएको हुदाँ त्यस्ता योजना/कार्यक्रमहरुको हकमा जेष्ठ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ४ः</u>** चालु आ.व.मा नगरसभाबाट स्वीकृत वा प्रदेश वा संघीय सरकारबाट प्राप्त सर्शत तर्फका योजना/कार्यक्रमहरु संझौता भई संचालन भएका वा संझौता हुन बाँकी रहेकोमा मुलुकभर कोरोना भाईरस (कोभिड-१९) को कारण बन्दाबन्दीको अवस्था भई संझौताको म्याद सकिएको वा संझौता हुन बाकी रहेका हुदाँ त्यस्ता योजना/कार्यक्रमहरुको हकमा असाढ २० गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**<u>विविध</u>**

**<u>निर्णय नं. ५ः</u>** बेलबारी नगरपालिकाको निर्माण व्यवसायी ईजाजतपत्र व्यवस्थापन कार्यविधि २०७५ को अनुसूचि ५ बमोजिम सिस्टीना कन्स्ट्रक्शन प्रा.लि. बेलबारी १ ले “घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र पाउनको लागि मिति २०७६।१२।०६ गते निवेदन दर्ता गरे अनुसार कार्यविधिको दफा ४(१) बमोजिमको सिफारिस समितिको मिति २०७७।०१।२२ को बमोजिम उक्त कार्यविधिको दफा ४ को उपदफा (३) बमोजिम सिस्टीना कन्स्ट्रक्शन प्रा.लि. बेलबारी १ लाई “घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दिने निर्णय गरियो ।

| वडा नं. | पहिलो प्याकेज | दोश्रो प्याकेज | कुल जम्मा |
|---|---|---|---|
| १ | ४५५ | ३८४ | ८३९ |
| २ | ३२१ | ७०९ | १०३० |
| ३ | २८६ | ५१० | ७९६ |
| ४ | ४६४ | ५९२ | १०५६ |
| ५ | ४०७ | ३२७ | ७३४ |
| ६ | २७१ | ३२७ | ५९८ |
| ७ | २६२ | ३५८ | ६२० |
| ८ | ५०० | ४०० | ९०० |
| ९ | ३५८ | ४३५ | ७९३ |
| १० | ३७१ | ७०१ | १०७२ |
| ११ | २५३ | ७८३ | १०३६ |
| | ३९४८ | ५५२६ | ९४७४ |